The Journal of Musikot Multiple Campus *Volume 3 Issue 1 June 2025*
*A Peer-Reviewed, Open-Access Multidisciplinary Journal*
ISSN 2976-1271 (Print)
Published by the Research Management Cell
Musikot Khalanga Multiple Campus, Musikot, West Rukum
(A Constituent Campus of Mid-West University)

# उर्वशी खण्डकाव्यको विश्लेषण

मुकुन्दप्रसाद शर्मा (उप-प्राध्यापक)
मध्यपश्चिम विश्वविद्यालय
मुसिकोट खलंगा बहुमुखी क्याम्पस, रुकुम (पश्चिम)
https://orcid.org/0009-0003-8159-2502

**सार**

*यस अध्ययनको मुख्य उद्देश्य नेपाली साहित्यको स्वच्छन्दतावादी-प्रगतिवादी धाराका विशिष्ट खण्डकाव्यकार सिद्धिचरण श्रेष्ठद्वारा रचित उर्वशी खण्डकाव्यको कथावस्तु, चरित्र, उद्देश्य, परिवेश, भाषाशैली तथा विचारात्मक द्वन्द्वको विश्लेषण गर्नु हो । यस अध्ययनले श्रेष्ठका खण्डकाव्यगत विशेषताहरू पहिचान गर्दै उर्वशी खण्डकाव्यलाई पौराणिक कथा र समकालीन चेतनाको समिश्रणका रूपमा हेर्न खोजेको छ । यसका लागि अध्ययनमा गुणात्मक एवं वर्णनात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । आवश्यक सूचनाहरू पुस्तकालयीय स्रोतबाट संकलन गरी वस्तुगत विश्लेषण विधिबाट तथ्यहरू व्याख्या गरिएको छ । अध्ययनबाट प्राप्त प्रमुख निष्कर्ष अनुसार सिद्धिचरण श्रेष्ठका खण्डकाव्यहरूमा विषयगत, भावगत, पात्रगत र भाषाशैलीगत विविधता पाइन्छ । उर्वशी खण्डकाव्यमा अर्जुन र उर्वशीबीचको भोग र त्याग, राग र विरागको द्वन्द्वलाई शक्तिशाली विषयका रूपमा प्रस्तुत गरिएको छ । पौराणिक कथामा आधारित भए तापनि यसमा समकालीन सामाजिक मूल्य र मानवतावादी दृष्टिकोण अभिव्यक्त गरिएको छ । अर्जुनको संयमी साधक चरित्र र उर्वशीको कामवासनापूर्ण मनोदशाको टकरावले नै खण्डकाव्यलाई द्वन्द्वप्रधान बनाएको छ । यस खण्डकाव्यमा जीवनलाई भोगभन्दा साधना र त्यागमार्फत अगाडि बढ्नुपर्ने सन्देश दिइएको पाइन्छ । भाषिक दृष्टिले खण्डकाव्यमा सरल, संगीतात्मक र छन्दबद्ध भाषा प्रयोग गरिएको छ, जसले पाठकलाई गहिरो अनुभूति गराउँछ ।*

***मुख्य शब्दहरू:*** खण्डकाव्य, स्वच्छन्दतावाद, प्रगतिवाद, द्वन्द्व, अर्जुन, उर्वशी, भाषाशैली, पौराणिकता, उद्देश्य ।

## विषय परिचय

नेपाली खण्डकाव्यको आधुनिककाल अर्न्तगत दोस्रो चरणमा देखापरेको प्रमुख धारा स्वच्छन्दतावादी-प्रगतिवादी धारा हो । यस चरणमा नै रहेर सिद्धिचरण श्रेष्ठले खण्डकाव्यको रचना गरेको देखिन्छ । आफ्ना कृतिहरु मार्फत क्रान्तिको विगुल फुक्ने यिनी जनताका साहित्यकारका रुपमा देखापरेका छन् । क्रान्तिकारी साहित्य सिर्जना गरेकै कारण वि.स. १९९७ देखि २००२ सम्मको करिब पाँच वर्ष जेलजीवन भोगेका यिनले वि. स. (२०१८) को उर्वशी खण्डकाव्य मार्फत आफनो कविताको लामो रुपतर्फ आकर्षण देखाएको पाइन्छ ।

श्रेष्ठले विषयगत विविधता अपनाउँदै ठोस कथावस्तु प्रयोग नगरी मानवीय भाव सम्वद्ध विषयमा केन्द्रित रहेर पनि खण्डकाव्यहरुको रचना गरेका छन् । उनले उर्वशी खण्डकाव्यमा विषयानुकूल अर्जुन र उर्वशीलाई नायक र नायिकाको रुपमा प्रस्तुत गरेका छन् । उर्वशी खण्डकाव्यमा उर्वशी र अर्जुन दुवै पात्रको मनोद्वन्द्व

अत्यन्त सशक्त देखिन्छ भने उनीहरुका बीचको वैचारिक धरातल समेत सशक्त देखिन्छ ।

प्रस्तुत अध्ययनमा स्वच्छन्दतावादी -प्रगतिवादी धाराका प्रतिभा सिद्धिचरण श्रेष्ठका के-कस्ता खण्डकाव्यगत विशेषताहरु छन् ? उर्वशी खण्डकाव्यको कथावस्तु, पात्र या चरित्र,उद्देश्य,परिवेश,भाषाशैली र द्वन्द्व के-कस्तो रहेको छ ? भन्ने नै यस अध्ययनको मुख्य समस्या रहेको छ । प्रस्तुत अध्ययनको मूल उद्देश्य सिद्धिचरण श्रेष्ठको खण्डकाव्यगत विशेषताहरु केलाउनु, कथावस्तु,चरित्र,उद्देश्य,परिवेश,भाषशैली,द्वन्द्व र निष्कर्षको आधारमा उर्वशी खण्डकाव्यको विश्लेषण गर्नु रहेको छ । सिद्धिचरण श्रेष्ठको जन्म वि.स.१९६९ जेठ ९ गतेका दिन ओखलढुङ्गामा बुबा विष्णुचरण श्रेष्ठ र आमा नीरकुमारी श्रेष्ठको सन्तानको रुपमा भएको हो । उनले दरबार हाइस्कुलबाट कक्षा दश सम्मको अध्ययन गरेका थिए । वि.स.१९९० सालमा भुइँचालो शीर्षकको कविता प्रकाशित गरेपछि साहित्य सिर्जना गर्न थालेको देखिन्छ ।

उनले शारदा, गोरखापत्र, आवाज, कविता, शारदा जस्ता पत्रपत्रिकाहरुको सम्पादक भएर काम गरेका छन् भने नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान र राजसभा स्थायी समितिका सदस्य भई सेवा समेत गरेको देखिन्छ । उनका प्रकाशित कवितासङग्रहरुमा मेरो प्रतिविम्ब(२०२१), कोपिला (२०२१), कुहिरो र घाम (२०४५), सिद्धिचरणका प्रतिनिधि कविता (२०४५) , तिरमिर तारा (२०४६) र बाँचीरहेको आवाज (२०४६)हुन । उर्वशी (२०१७), ज्यानमाराशैल (२०२३), मङ्गलमान (२०४९) र आँसु (२०५०) प्रकाशित खण्डकाव्यहरु हुन । साहित्यमा योगदान गरेवापत त्रिभुवन पुरस्कार (२०२७),पृथ्वीप्रज्ञा पुरस्कार (२०४५) र वेदनिधी पुरस्कार (२०४६) लगायतका पुरस्कारहरुबाट सम्मानित भएका छन् । श्रेष्ठ वर्डस्वर्थ,कलरिज, सेली र वाइरनको व्यक्तित्वबाट प्रभावित युगकवि पनि हुन् । सिद्धिचरण श्रेष्ठको निधन वि.स.२०४९साल जेठ २२ गते भएको हो ।

सिद्धिचरण श्रेष्ठ सामाजिक, ऐतिहासिक,पौराणिक मानवता लगायतका विविध विषयवस्तुमा खण्डकाव्यको रचना गर्दछन् । युगीन चेतनालाई संयोजन गर्ने एक युगीन खण्डकाव्यकार पनि हुन् । श्रेष्ठ स्वच्छन्दतावादी,प्रगतिवादी, विद्रोही तथा क्रान्तिकारी खण्डकाव्यकार हुन् । उनी एक देशभक्ति तथा मानवतावादी स्वरलाई उजागर गर्ने खण्डकाव्यकार हुन । उनी प्रकृतिको मानविकीकरण गर्न खप्पिस छन् । श्रेष्ठ विषयवस्तुको गति र मर्म अनुकूल मानवीय पात्रहरुको चयन गरी सामाजिक विकृति विसङ्गतिका विरुद्ध तथा मानवतावाद र शान्तिका पक्षमा वकालत गर्ने पात्रहरुको खण्डकाव्यमा उपस्थिति गराउने काम गर्दछन् । विविध खाले परिवेशमा आधारित द्वन्दप्रधान खण्डकाव्यको संरचना गर्दछन् । उर्वशी एक द्वन्दप्रधान तथा पौराणिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । देशप्रेमको भावलाई आत्मसात् गर्ने मात्रिक, वर्णमात्रिक, लोकलय छन्दको प्रयोग गर्दै श्रुतिरम्य रमणीय र आकर्षक खण्डकाव्यको रचना गरेको देखिन्छ । श्रेष्ठले सरल, सहज र अलङ्कारसहित रोचक भाषाशैली, कोमल एव्म सुकुमार शव्दावलीहरुको प्रयोग गर्ने खण्डकाव्यकार हुन् । खास गरी श्रेष्ठका खण्डकाव्यगत विशेषताहरुमा विषयगत विविधता,पात्रगत विविधता,परिवेशगत विविधता,भावगत विविधता,द्वन्द्वप्रधानगत विविधता, भाषाशैलीगत लयात्मकताको विविधता बढी पाइन्छ । कवि श्रेष्ठ काव्य रचनाका दृष्टिले उत्कृष्ट कवि नै मानिन्छन् । स्वछन्दतावादी भाव धारा भित्रै समेटिने कवि श्रेष्ठका खण्डकाव्यहरु सङ्ख्यात्मक एवम् गुणात्मक दुवै कोणले उच्च रहेकाले यिनी नेपाली साहित्यमा एक उल्लेख्य खण्डकाव्यकारका रुपमा स्थापित पनि देखिन्छन् । स्वच्छन्दतादी र प्रगतिवादी साहित्यकार भएर पनि मिथकीयताका झिल्काहरु समेत पाइनु उनका काव्यगत विशेषता नै हो । यस्तै मूल्य र मान्यतामा उर्वशी खण्डकाव्यको रचना गर्नु श्रेष्ठको अभिष्ट पनि हो ।

उर्वशी खण्डकाव्य पौराणिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । दानवहरुद्धारा स्वर्गपुरीमा गरिएको भीषण आक्रमणले गर्दा भयभीत बनेका देवताहरुले धनुविद्यामा निपुणता प्राप्त गरेका अर्जुनसँग गरेको याचनासँगै कथाको सुरुवात भएको छ । अर्जुनले असुरहरुलाई हराएर सुरहरुको शुभ दिन ल्याएको र विजयको यही अवसरमा स्वर्गमा रुप, सौन्दर्य र जवानीले भरिपूर्ण फूलरुपी अप्सराद्धारा अर्जुनको जयकार गरी स्वागत गरी त्यहाँ नाच गान गारिएको छ । रुप र सौन्दर्यकी खानी उर्वशीको आश्चार्यजनक नृत्य देख्दा अर्जुन उर्वशीबाट प्रभावित भएका छन् । यस खण्डकाव्यमा अर्जुनलाई देख्दा गायन र नाचमा अस्वाभाविकता आएको अनुभव गराई कविले उर्वशीलाई

अर्जुनको प्रेममा व्याकुल बनाएको छ । यही समयमा उर्वशी अर्जुनलाई प्राप्त गर्ने चाहनामा रातीको समयमा संधै नग्न शरीर लिएर अर्जुनको शयनागारमा पुगेको विषय खण्डकाव्यमा देखिन्छ । उर्वशीले अर्जुनलाई अनेक तरिकाले आकर्षित गर्न खोजे पनि अर्जुन अन्तर्द्वन्दमा रहेको रात्रिको समयमा नग्न अवस्थामा रहेकी रुप, सौन्दर्य र जवानीले भरिपूर्ण उर्वशीको सामिप्यले आमन्त्रण गरेको विषय सजिव देखिन्छ । उर्वशीको नग्न हर्कत रहेता पनि आफनो साधना र साध्यप्रति अत्यन्तै सचेत अर्जुनले भोग गर्न चाहने आफनै मनलाई परास्त गरी विजय प्राप्त गरेको छ । उर्वशीलाई सम्झाउँदैअर्जुनले भोगको चाहना क्षणिक भएको र साधना तथा साध्य प्रमुख भएको बताउँछ । यसरी भोगको चाहना र साधनाबीच उर्वशी र अर्जुन बीचको सम्बन्ध बाह्य द्वन्द्वले विकसित भएको देखिन्छ । शिखरको उज्यालो चुम्न बैसको सुन्दरतामा रुमलिन नहुने मत अर्जुनले राख्दा उर्वशी उत्तेजित भएर नजिक आउँदा उच्च आसन दिएर मान्या नारी तथा आमाको रुपमा सम्मान व्यक्त गर्दछ । अर्जुनले आमाको रुपमा आफूलाई राखेपछि उर्वशी अत्यन्त विक्षिप्त भई प्वाख काटिएको ढुकुर जस्तै भएको अनुभूति गर्दछिन् । अत्यन्तै निराश भएर उर्वशीले हार स्वीकार गरी अर्जुनलाईश्राप दिएर आफनो बाटो फर्किएकी छिन् । अर्जुनलाई साधनाबाट च्युत हुनबाट जोगाइ अगाडी बढेका कविले खण्डकाव्यको उपसंहारमा उर्वशीप्रति गहिरो सहानुभूति प्रकट गरी जीवन भनेकै मनोरथ पुग्नु र नपुग्नु हो भन्दै सम्झाएर विषयवस्तु टुङ्ग्याएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा प्राथमिक स्रोतका रुपमा उर्वशी खण्डकाव्यलाई लिइएको छ भने उर्वशी खण्डकाव्यका विषयमा गरिएका अध्ययन विश्लेषणलाई द्वितीयक स्रोतका रुपमा लिइएको छ । यस्ता सबै सामग्रीहरु पुस्तकालयबाट प्राप्त भएका छन् । प्रस्तुत अध्ययनमा सामाग्री संकलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने विश्लेषणका क्रममा वर्णनात्मक एवम् गुणात्मकताको प्रयोग गरिएको छ । यो लेखमा मूलत : खण्डकाव्यीय तत्वगत संरचनाका आधारमा उर्वशी खण्डकाव्यको विशद् व्याख्या गरिएको छ ।

## नतिजा र छलफल

### खण्डकाव्यको चरित्र/पात्र

उर्वशी खण्डकाव्यमा विषयानुकूल पात्र विधानको चयन भएको छ । यस खण्डकाव्यमा विषयवस्तु अनुकूल पौराणिक पात्रहरु अर्जुन र उर्वशीको प्रयोग भएको छ । यस खण्डकाव्यमा दुवै पात्रको भूमिका सशक्त रहेको छ । जसलाई यसरी हेर्न सकिन्छ :

### उर्वशी

उर्वशी उर्वशी खण्डकाव्यको प्रमुख चरित्र एव्म नायिका हुन् । उर्वशीको यस खण्डकाव्यमा विशेष भूमिका समेत रहेको छ । सामान्य नारीहरु सरह भोगको चाहना र रुप र सौन्दर्यप्रतिको घमण्ड उर्वशीमा छ । उनी क्षणभङ्गुरका विश्वास गर्ने चरित्र पनि हुन । उनी रुप, सौन्दर्य र जवानीले धपक्क बलेकी छिन् । अर्जुनको विजय उत्सवमा आकर्षणको केन्द्र समेत बनेकी छिन् । भोगको चाहना विजय उत्सवमा नभएपछि भोगकै आवेगमा नग्न अवस्थामा अर्जुनको कोठामा पुगेकी छिन् । नग्न अवस्थामा अर्जुनको कोठामा पुगेकी उर्वशी अर्जुनलाई आफू अनुकूल प्रयोग गर्न विभिन्न हाउभाउ र बोलीको प्रयोग गरेको देखिन्छ । अर्जुन व्यक्ति अर्जुनबाट माथि उठी साधक अर्जुनको रुपमा उभिई उर्वशीलाई मान्यजन नारी वा आमाको रुपमा लिएर अगाडी बढ्ने कुरा सुनाएपछि उर्वशी अर्जुनलाई सराप्दै आफ्नो बाटो लागेको देखिन्छ ।उर्वशी खासमा सामान्य मानव स्वभाव भएकी पात्र हुन् । आफ्नो रुप र सौर्न्दयमा घमण्ड गर्ने आदत देखिएको छ । उनी भोगलाई नै जीवनको सार्थकता ठान्दछिन् । खण्डकाव्यको अन्त्यतिर कविको कलमबाट केही सहानुभूति पाएपनि उनको चरित्र सामान्य मान्छे भन्दामाथि उठ्न सकेको देखिदैन् ।

**अर्जुन**

अर्जुन उर्वशी खण्डकाव्यको मुख्य चरित्र एव्म नायक हो । ऊ एक पराक्रमी योद्धा पनि हो । देवताहरुको आग्रह अनुसार स्वर्गमा पुगी दानवहरुलाई परास्त गर्ने सहयोगी पात्र हुन् । आफ्नो साध्यप्रति दृढ बन्न सफल आदर्श व्यक्ति हो । नग्न शरिर लिएर आफ्नो कोठामा आएकी उर्वशीका कुरा सुन्दा केहीबेर द्वन्द्वमा रहेका अर्जुनले उर्वशीको आमन्त्रणलाई अस्विकार गरी साध्यप्रति दृढ बन्दै भोगलाई क्षणिक विषयको रुपमा लिन्छन् । उत्तेजित बन्दै नजिक आउन खोजिरहेकी उर्वशीलाई मान्या नारी एव्म आमा भनेपछि उर्वशीले आफ्नो हार भएको भन्दै अर्जुनलाई सराप दिए पनि आफ्नो साधनाप्रति प्रतिबद्ध रहने पात्र हो । भोगको मोहमा डुबेर आफ्नो कर्तव्यबाट च्युत हुने युवाहरुलाई सचेत गराइ प्रेरणा दिने सत् पात्र पनि हो । तसर्थ अर्जुन एक विशिष्ट, संयमित, विजयी, दृढ, प्रतिज्ञ एव्म उच्च साधक भएको चरित्र हो ।

**उर्वशी खण्डकाव्यको मूलभाव/उद्देश्य**

उर्वशी खण्डकाव्य एक पौराणिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । यस खण्डकाव्यमा भोग र साधना बिचको दुईवटा विचारलाई द्वन्द्वात्मक रुपमा प्रस्तुत गरिएको छ । जीवनलाई भोगका रुपमा नलिई साधक व्यक्तित्व निमार्णमा लाग्नुपर्ने आशयलाई व्यक्त गरिएको छ । मान्छेका इच्छा, चाहना र आकाङ्क्षा स्वभाविक भएको यथार्थतालाई देखाएको छ । हडबडाएर वा निराश भएर हातखुट्टा छाड्नु जीवनको हार हो भन्ने कुरा खण्डकाव्यको उपसंहार खण्डमा देखाएको छ । राणाशासनका विरुद्ध आवाज घन्काउन अर्जुनको जस्तो साधनालाई प्रयोग गरी प्रजातन्त्र ल्याएपनि प्रजातन्त्र प्राप्तिपछि सोचे अनुकूलको व्यवहार नभएको तर्फ संकेत समेत गरिएको छ । आजको समकालीन समाजमा अर्जुन जस्तै त्यागी व्यक्तिको आवश्यकता रहेको र उर्वशी जस्तै जथाभावी भोगको भोको रहनुहुदैन भन्ने वास्तविक भावलाई यस खण्डकाव्यमार्फत अभिव्यक्त गरिएको छ । खण्डकाव्यको भूमिकामा यस काव्यलाई प्रारम्भ गर्दा मलाई लागेको थियो अर्जुनको त्यस बेलाको मनको विजय सबकुछ हो तर अठचालिस बर्षको उमेरमा पुगेर हेर्दा म आफूलाई अर्जुन होइन् उर्वशी भइरहेको पाउँछु भन्नुले चिताएको पुग्नु र नपुग्नु केही पनि होइन् यात्रा जारी राख्नुपर्छ भन्ने तथ्यलाई उपसंहार खण्डमा व्यक्त गरिएको छ । यस खण्डकाव्यमा उर्वशीप्रति गहिरो सहानुभूति प्रकट गरिएको छ । जीवन भनेकै मनोरथ पुग्नु र नपुग्नु हो भनी कविले अर्जुन र उर्वशीलाई सम्झाएका पनि छन् । भोगको चाहना राख्ने उर्वशी र भोगलाई क्षणिक ठान्ने तथा आफ्नो वास्तविक साध्यलाई प्रमुख ठान्ने अर्जुनका बीच बाह्य रुपमै वैचारिक बहस हुन थालेको भाव खण्डकावयमा देखिन्छ । शिखरको उज्यालो चुम्न बेसीको सुन्दरतामा अलमलिन नहुने उच्च दृष्टिकोणका साथ प्रस्तुत भएका अर्जुनले अत्यन्त उत्तेजित बनी नजिक आउँदै गरेकी उर्वशीलाई उच्च आसन दिएर मान्या नारीका रुपमा तथा आमाका रुपमा सम्बोधन समेत काव्यमा गरिएको छ । मान्या नारी तथा आमा शव्दको भीषण ब्रज प्रहारले अत्यन्त विक्षिप्त बनेकी उर्वशी प्वाँख काटिएको ढुकुर जस्तै अत्यन्तै घायल बनेको प्रसङ्गलाई खण्डकावयमा प्रस्तुत समेत गरिएको छ । (भण्डारी र पौडेल २०६६/२०४)

**उर्वशी खण्डकाव्यको परिवेश**

यस खण्डकाव्यमा स्वर्ग जस्तै प्राकृतिक सुन्दर तथा अनुपम वातावरणको उन्मुक्त वर्णन गरी उर्वशीको रुप, सौन्दर्य र जवानीको सन्दर्भ छ । अर्जुनको विजय उत्सव समारोहको स्वभाविकता छ । आख्यानात्मक क्षीण पौराणिक विषयवस्तुको प्रयोगले काव्य विस्तारित भएको छ । द्वन्द्वप्रधान वैचारिक परिवेशले काव्यको गरिमा झनै बढेको देखिन्छ । महाभारतमा पौराणिक समयमा दानव र देवताहरुबीच लडाइँ भएको र अर्जुनले देवताहरुलाई सहयोग गर्दा दानवहरुले हार खाएको परिवेश छ । अर्जुनको साधनालाई उर्वशीले भोगका रुपमा लिनु गलत भएको तथ्यपरक परिवेश छ । खण्डकाव्यकारले वि स १९९७ सालमा जेलजीवनमा रहंदा रचना गरिएको यस काव्य २०१७ सालमा प्रकाशित भएपनि प्रारम्भिक समय राणाकालिन परिवेश भएको संकेत गरिएको छ । यस खण्डकाव्यमा आन्तरिक द्वन्द्व र बाह्य द्वन्द्वलाई अभिव्यक्त गरिएको छ । द्वन्द्वात्मकता, स्वर्ग, भोग, साधना देवता,

दानव, जित र हार जस्ता विषय तथा सन्दर्भले खण्डकाव्को परिवेशलाई जिवन्त बनाएको छ ।

**उर्वशी खण्डकाव्यको भाषाशैली**

यस खण्डकाव्यमा सरल, सहज र आकर्षक भाषाशैलीको प्रयोग गरिएको छ । यस काव्यमा मात्रिक छन्दको सफल प्रयोग समेत भएको छ । स्व्च्छन्दतावादी साहित्यकार भएकोले छन्दलाई साध्यका रुपमा नभई विषयवस्तु प्रतिपादनका रुपमा लिएको छ । यस खण्डकाव्यमा दुई तीन अक्षरे शव्दहरुको बाहुल्यता रहेको छ । यदाकदा चार र पाँच अक्षरे शव्दको समुचित प्रयोग समेत भएको छ । यस खण्डकाव्यमा असमस्त एव्म सहज प्रकृतिका शव्दको प्रयोग भएको पाइन्छ । लामा-लामा समस्त शव्दको प्रयोग समेत पाइन्छ । लहलह, सलबल, हरहर, डगमग, ढुकढुक जस्ता अनुकरणात्मक शव्दहरुको प्रयोगले काव्यको भाषाशैली रमणीय बनेको छ । उर्वशी खण्डकाव्यलाई हेर्दा यसमा मात्रिक छन्दको सफल प्रयोग गरिएको छ । कवि श्रेष्ठ स्वच्छन्दवादी कवि भएको नाताले उनको यस कृतिमा परिष्कारवादी कविहरुमा कृतिमा जस्तो छन्दको सशक्त प्रयोग पाइदैन् । यस खण्डकाव्यमा छन्दलाई साध्यका रुपमा नभई विषयवस्तु प्रतिपादनको माध्यम बनाएकाले भाषाशैलीगत नविनता देखिन्छ ।

**उर्वशी एक द्वन्द्वप्रधान खण्डकाव्य**

अर्जुन र उर्वशी दुवै पात्र आन्तरिक रुपमा द्वन्दमा रुमलिएका छन् । खण्डकाव्यको पूर्वरुप र उपसंहारका विचार अभिव्यक्तिमा कवि स्वयम्को द्वन्द्व समेत प्रकट भएको छ । विजय उत्सवको आयोजित समारोहमा अर्जुनलाई देख्दा उर्वशीको गायन र नर्तनमा अर्न्तद्वन्द उब्जिएको छ । उर्वशीको मनमा आफू एकातिर स्वर्गको राजा इन्द्रकी सहायिका भएको र आफूले कर्तव्य र मर्यादाको उलङ्घन गर्न नहुने चेतना छ भने अर्कोतर्फ अर्जुन केन्द्री प्रणय र आवेगको तीव्र दबाब छ । अर्जुन केन्द्री प्रणय प्रबल बन्दै जाँदा अर्जुनसँगको सहवास मुख्य अभिष्ट बन्न पुगेको छ उर्वशीका मनमा । नग्न अवस्थामा राती अर्जुको कोठामा उर्वशी पुग्दा आफ्नो रुप र सौन्दर्यलाई अर्जुनले अस्विकार नगरुन भनेर थप सौन्दर्य र बलका निम्ति प्रार्थना गरेकी छिन् र उर्वशीका मनमा शङ्काले डेरा जमाएको छ । उर्वशी जति जति अर्जुनका नजिक पुग्छिन् त्यती उनमा शङकाको भाव देखिन्छ । अर्जुनले जीवनलाई क्षणभङ्गुर भएकै कारण विरागतर्फ लाग्नुपर्ने कुरा बताउँछ भने उर्वशी जीवन क्षणभङ्गुर भएकै कारण यसमा रङ् भर्ने व्यक्ति ज्ञानी हुन्छ, भन्दै उर्वशीका लागि त्याग र भोक एउटै विषय हुन् भन्दै अर्जुनलाई उल्टो उपदेश दिएको देखिन्छ ।

अर्जुनले भोगभन्दा त्याग ठूलो भएको भन्दै उर्वशीलाई मान्या नारी एव्म आमो रुपमा सम्बोधन गरेपछि उर्वशीका सपनाहरु चकनाचुर हुनु र उनले आफूले हारेको महसुस गर्दै प्वाख काटिएको ढुकुरको रुपमा बुझ्दै आफू बलहीन नारी भएको भन्दै अर्जुनलाई सराप दिएर आफ्नो बाटो लागेकी छिन् । खण्डकाव्यको पूर्वरुप अर्जुनका पक्षमा मनोविजयको गान गाएको छ भने खण्डकाव्यको उपसंहार खण्डमा हार्दिक आकाङ्क्षाहरुलाई जीवनका लक्षण ठान्दै उर्वशीका चाहना, इच्छा, आकाङ्क्षा आदि हामी सबै मान्छेका स्वभाव हुन् भनिएको छ । पूर्वरुप राणाशासनका विरुद्ध प्रजातन्त्रलाई साध्य बनाउन आएको छ भने प्रजातन्त्रप्राप्ति पछि पनि सोचे अनुकूल व्यवहार नदेखिएको दुई भिन्न वैचारिक द्वन्द्वलाई देखाएको छ । अर्जुनको द्वन्द्व बुद्धि, चेतनमन, आदर्श, त्याग, विराग र अध्यात्म पक्षमा छ भने उर्वशीको द्वन्द्व हृदयमुखी, अचेतनमन, सामान्य यथार्थ, भोग, राग र भौतिकताको पक्षमा छ । यसरी यो खण्डकाव्य द्वन्द्वले भरिपूर्ण छ ।

नजर उठाई अलिकति हेर्छिन्
रुक्छिन्, बढ्छिन्, खुम्चिन्छिन्
निद्रित जानी साहस झिक्छिन् ।
(भण्डारी र पौडेल,२०६६/२०७)

उर्वशीको द्वन्द्वग्रस्त मानसिकताको उद्घाटन यसरी गरिएको छ :

छोउँ छोउँ मन अति हुन्छ
तर छुन साहस हुन्न,
चमुँ चमुँ कति मनमा हुन्छ
तर उसै चुम्न सकिन्न ।
(भण्डारी र पौडेल २०६६/२०८)

उर्वशी अर्जुनलाई आलिङ्गनका निम्ति आमन्त्रण गर्दा देखिएको मनोद्वन्द्व :
अङ्ग अङ्गले आज निमन्त्रण
अर्जुन आउ आउ
हावभावले गर्दछ सान
(भण्डारी र पौडेल २०६६/२०८)

अर्जुनको द्वन्द्वग्रस्त मानसिकताको खण्डकाव्यमा यसरी चित्रण गरिएको छ :
मन हुन्छ उठी हात समाउन
अर्को भन्छ होइन्
सुधा पान छ गरल असर छ
यसलाई छुन हुन्न ।
(भण्डारी र पौडेल २०६६/२०८)

उर्वशी अर्जुनलाई उपदेशको शैलीमा आफ्नो विचारमा सहमत गराउने प्रयास गर्दै भन्छिन :
इन्द्रिय घोडा भोगी भोगी
बन्नुछ इन्द्रिय विजयी
भोगैदेखि तर्सी भाग्नु
हुन्छ र विजय कहाँ ?
(भण्डारी र पौडेल २०६६/२०८)

उर्वशीको गम्भीर विचारले नतमस्तक बनेका अर्जुनले हठात् मर्ममै पुग्ने गरी भन्छन् :
उपदेश छ यो धन्य
आमा, अनमोल रत्न पाएँ
साँच्नेछु म पछिसम्म ।
ज्ञान दियौ यो बालक जानी
मेरो कोटि प्रणाम
आज, मेरो जीवनमा नै
राख्नेछु म यो ध्यान ।
(भण्डारी र पौडेल २०६६/२१०)

सम्मान गरेको नाटक रचेर तिखो छुरीले रोपेकोमा तीव्र रोष प्रकट गर्दै उर्वशी भन्छिन् :
चाहेको भए मकन तिमीले
लुटी बलले पनि लिन्थ्यौ,
मैले चाहनु नचाहनुको अर्थ नै मेटिदिन्थ्यौ ।
(भण्डारी र पौडेल २०६६/२१०)

उर्वशी अर्जुनलाई श्राप दिएर फर्किँदै भन्छिन् :
जीत छ तिम्रो हार छ मेरो

छैन मसित अब भन्न ।
जस्तो तिमीले व्यवहार गरयौ,
त्यस्तै होस तिमीलाई,
यति नै तिम्रो पौरखलाई
जान्छु म आज सरापी ।
(भण्डारी र पौडेल २०६६/२११)

हडबडाएर तथा निराश भएर हातखुट्टा छाडनु जीवनकै हार हो भन्दै अर्जुन र उर्वशीको द्वन्द्व पछि कविको विचारपूर्ण मनोद्वन्द्व यसरी प्रकट भएको छ :

उर्वशीसम्म मिल्छन् छुट्छन्
कैयन यस्ता अर्जुन,
भन लौ यो नै हो त तिमीले
खोजिरहेको चिरधन ?
(भण्डारी र पौडेल २०६६/२१२)

**निष्कर्ष**

उर्वशी खण्डकाव्य पौराणिक विषयवस्तुमा आधारित खण्डकाव्य हो । महाभारतको कथालाई आधार बनाएर दानव र देवताहरु बीच स्वर्गमा लडाइँ भएको र अर्जुनले देवताहरुलाई लडाइँमा सहयोग गरी दानवहरुलाई हराएको प्रसंग छ । अर्जुनले विजय प्राप्त गरेपछि विजय उत्सव मनाउने क्रममा उर्वशीको रुप, सौन्दर्य र जवानीलाई लिएर द्वन्द्व सिर्जना भएको र अर्जुनको त्याग र साधनाको अगाडी उर्वशी भोगको हार भएको छ । अर्जुनले उर्वशीलाई मान्या नारी वा आमाको संज्ञा दिएपछि हार महसुस गरी प्वाँख काटिएको ढुकुर जस्तै भएको प्रतिक्रिया व्यक्त गर्दै अर्जुनलाई श्राप समेत दिएको देखिन्छ । भोग र त्यागलाई लिएर गरिएको बहस तथा मत-मतान्तरकै बीचबाट काव्यले उचाइ समेत प्राप्त गरेको छ ।

सिद्धिचरण श्रेष्ठले १९९७ मा जेलजीवन भोग्दै गर्दा रचना गरिएको प्रस्तुत काव्यको प्रकाशन भएसँगै रचनाको बीसबर्ष पछि २०१७ साल पछि भएको देखिन्छ । जुन बेला देशमा राणाकालिन व्यवस्था रहेको थियो । यो एक द्वन्द्वले भरिपूर्ण द्वन्द्वप्रधान खण्डकाव्य पनि हो । यस खण्डकाव्यमा उर्वशी र अर्जुनबीचको आन्तरिक र बाह्‌य द्वन्द्व, ह्‌दय र बुद्धिबीचको द्वन्द्व, अचेतन र चेतन मन बीचको द्वन्द्व, यथार्थ र आदर्श बीचको द्वन्द्व, भोग र त्याग बीचको द्वन्द्व, अध्यात्म र भौतिकता बीचको द्वन्द्व, देखिन्छ । त्यस्तै खण्डकाव्यको पूर्वरुप र उपसंहारका बीच कवि स्वयमकै धारणाको द्वन्द्व पनि सशक्त देखिन्छ । खण्डकाव्यको भूमिकामा कवि लेख्छन् - यस काव्यलाई प्रारम्भ गर्दा मलाई लागेको थियो, अर्जुन त्यसबेलाको मनको विजय नै सबकुछ हो तर अठचालिस बर्षको उमेरमा पुगेर हेर्दा म आफूलाई अर्जुन होइन् उर्वशी भएको पाउँछु भन्नुले जीवनको यात्रामा गल्ती हुने तर त्यसलाई नयाँ बनाउन सकिने र यात्रा जारी राखेर लक्ष्यमा पुग्न सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ । यो खण्डकाव्य आख्यानात्मक क्षीण कथानकमा समेत संरचित छ । अर्जुन जस्तै त्यागी र साधक बन्नुपर्छ नै, भोगमा विश्वास गर्ने उर्वशी पनि समयक्रमको चक्रमा आफूलाई परिमार्जन र संशोधन गरेर फेरी यात्राको लक्ष्यमा पुग्न सकिन्छ भन्नु नै यस खण्डकाव्यको निष्कर्ष हो । उर्वशी जीवन दर्शनबाट प्रभावित खण्डकाव्य हो । अन्धतम निराशालाई फाँडी अत्युतम कर्मपथको उज्यालोतर्फ चालिएको चरणको दर्पण हो । पौराणिक आधारमा आफ्नै अन्तर्मनको केलाइको श्रवण आफैले गरेर पुरुषार्थद्धारा प्रारव्ध माथिको जीत संभव रहेको यस खण्डकाव्यको साराँश हो । अनि यसले जीवन पद्धतिको दर्शन पनि इङ्गित गर्दछ । आत्माबोध अनि कर्ताको कर्तव्यको अन्तरआत्मा र हृदयका अन्तरद्धन्द हो उर्वशी । अन्तर्द्वन्दको ऊहापोह बीच मार्ग पहिचानको राजमार्ग डोर्‍याएर पनि ऊ हो उर्वशी जहाँ अर्जुन प्रत्यक्ष बोधताको पात्र बनेर उभिदिएको छ ।

**कृतज्ञताज्ञापन**

उक्त अध्ययनात्मक लेख तयार गर्ने क्रममा विभिन्न व्यक्तिहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग प्राप्त भएकोमा म आभार व्यक्त गर्न चाहन्छु । सबैभन्दा पहिले, नेपाली साहित्यको स्वच्छन्दतावादी-प्रगतिवादी धारामा सिद्धिचरण श्रेष्ठको योगदानको गहिरो अध्ययन गर्न उत्प्रेरणा दिनुहुने मेरा गुरुजनप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस खण्डकाव्यको गहिराइमा पुग्न पुस्तकालयहरूमा रहेका दुर्लभ स्रोत सामग्रीहरू अध्ययन गर्न म सहयोग गर्ने समस्त पुस्तकालय कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्दछु । साथै, अध्ययनको क्रममा सुझाव, टिप्पणी तथा मनोबल प्रदान गर्ने मेरा सहकर्मीहरू, मित्रवर्ग तथा परिवारजनप्रति पनि म आभारी छु । अन्ततः, सिद्धिचरण श्रेष्ठजस्ता महान् साहित्यकारका काव्यकृति अध्ययन गर्न पाउनु स्वयंमा एक सौभाग्य हो भन्ने अनुभूति गर्दै म यस लेखबाट पाठकवर्गमा नेपाली खण्डकाव्य साहित्यप्रतिको चासो अझ गहिरो हुने आशा व्यक्त गर्दछु ।

**सन्दर्भग्रन्थ सूची**

श्रेष्ठ, सिद्धिचरण, **उर्वशी** (२०१८) ललितपुर : साझा प्रकाशन ।

भण्डारी, पारशमणी, **नेपाली कविता काव्य** (२०६७), काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी , पारशमणी र माधवप्रसाद पौडेल **नेपाली कविता र काव्य** (२०६६), काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारशमणी, **काव्य विवेचना** (२०५३), काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

थापा, मोहनहिमांशु **,साहित्य परिचय** (२०३६) काठमाण्डौ : साझा प्रकाशन ।

शर्मा, मोहनराज र दयाराम श्रेष्ठ (२०४६), **नेपाली साहित्यको संङ्क्षिप्त इतिहास**, ललितपुर : साझा प्रकाशन ।